# भूमि तथा कृषि अधिकार अभियान
# मासिक अपडेट
# मे, २०१८ (१८ बैशाख-१७ जेठ २०७५)

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चले मे, २०१८ *(१८ बैशाख-१७ जेठ, २०७५)* महिनामा गरेका गतिविधिहरुको संक्षिप्त अपडेट यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**संयुक्त पुर्जा बनाउने थपिए :**

यस महिना रसुवामा १००, धादिङ्गमा ४३, ओखलढुङ्गामा ४०, बर्दियामा ३६, नुवाकोटमा २३, दाङ्गमा २१, महोत्तरीमा १९, बाँकेमा ११, उदयपुरमा ११, चितवन ९, रौतहटमा ७ रामेछापमा १ र सिन्धुपाल्चोकमा १, गरी **३२१** जोडीले संयुक्त पुर्जा निर्माण गरी **४०.५** हेक्टर जमिनमा समान हक कायम गरेका छन् ।



बर्दियामा तस्वीर लिँदै संयुक्त पूर्जा बनाएका जोडीहरु

**मोही हक प्राप्त :**

यस महिना सिरहाका ४०, बर्दियाका ६, बाँकेका १ र दाङका १ गरी ४८ जना मोही किसानले १०.४४ हेक्टर जग्गामा मोहियानी हक प्राप्त गरेका छन् ।



*मेरो परिवारले तीन पुस्तादेखि साहुको ७ कट्ठा १८ धुर जग्गा जोतिरहेको छ । मोही हकको प्रमाणपत्र भएपनि हामीलाई जग्गा प्राप्ति गर्ने प्रक्रियाको बारेमा केहि पनि जानकारी थिएन । जिल्ला भूमि अधिकार मञ्चले हामीलाई यसको बारेमा जानकारी दियो । निवेदन लेख्न र पेश गर्नका लागि सहयोग गऱ्यो । जिल्ला मञ्चकै सहयोगमा ३ कट्ठा १९ धुर जग्गा प्राप्त गर्न सफल भयौं । अब यो जग्गामा तरकारी खेती गरी आएको आम्दानीबाट छोराछोरीलाई पढाउँन सक्ने आधार पाएका छौं ।* ***बजारु थारु, बर्दिया***

**नयाँ गाउँ मञ्च थपिए:**

यस महिना महोत्तरीमा २, दाङमा ३, रौतहटमा १ र उदयरपुरमा १ गरी ७ वटा गाउँ भूमि अधिकार मञ्च गठन भएका छन् । यी गाउँमञ्चमा १६७ जना सदस्यहरू सङ्गठीत भएका छन् ।

**विस्थापितद्वारा जग्गा खरिद :**

यस महिना भुकम्पबाट विस्थापित भएका रसुवा जिल्लाका १२७, नुवाकोटका ३४, धादिङका ४९, चितवन १० र रामेछाप १ गरी २२१ परिवारले ६.१३ हेक्टर जग्गा खरिद गरेका छन् । यी मध्ये १७६ परिवारको संयुक्त (श्रीमान्-श्रीमती) नाममा जग्गा रजिष्ट्रेसन पास भएको छ । जग्गा खोजी, निवेदन तथा सिफारिस पत्रहरू तयारी र जग्गा दर्ता प्रक्रियामा आत्मनिर्भर सेवा केन्द्रको टिमले  सहजीकरण गरेको थियो ।



राष्ट्रिय पुर्ननर्माण प्राधिकारण र आत्मनिर्भर केन्द्रको टोली रामेछापमा विस्थापितलाई पुर्नस्थार्पित गराउन जग्गा अवलोकन गर्दै

**नीतिगत सम्वाद सम्पन्नः**

**'सम्वृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार'** बिषयक नीतिगत सम्वाद कार्यक्रम सिरहामा जेठ ८ गते सम्पन्न भयो । कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक जगत देउजाले भूमि व्यवस्थापनमा स्थानीय सरकारको अधिकार र जिम्मेवारी र भूमि सुधारः किन र कसरी भन्ने विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्रमा विजय प्रसाद मिश्रले टिप्पणीसहित उक्त क्षेत्रका भूमि सम्बन्धि सवाल र नीतिगत सम्बोधनसहित बिचार राख्नुभएको थियो । त्यसपछि प्रदेश सभाका माननीय सदस्यहरु नवल किशोर यादव, नरेश कुमार यादव, प्रमिला यादव, रुवि कुमारी कर्ण, मनिष कुमार सुमन, जगत प्रसाद यादव, लगनलाल चौधरी, अशोक कुमार यादवले आगामी नीति तथा कानूनमा भूमिको बिषयलाई प्राथामिकता साथ उठाउने प्रतिबद्धता गर्नुभएको थियो । प्रदेश सभाका सदस्यहरुले स्थानीय सरकारले भूमि अधिकारबाट वञ्चितहरुको वास्तविक तथ्याङ्क, भूमि लगायत प्राकृतिक स्रोतहरुको नक्शाङ्कन गर्ने र यसका आधारमा योजना बनाई अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो ।  कार्यक्रममा गोलबजार नगरपालिकाका उपमेयर रेशम थापाले सरकारले भूउपयोग ऐन मार्फत भूव्यबस्थापन गर्नुपर्ने बिचार राख्नुभएको थियो । सम्वादमा १४ जना प्रदेश सभा सदस्य, स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष र भूमिअधिकारकर्मीसहित ७३ जनाको सहभागिता थियो ।




कार्यपत्र प्रस्तुत गर्नुहुँदै आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजा

**कार्यशाला सम्पन्नः**

**'भूमिहीन दलितलाई जग्गा किन र कसरी?'** भन्ने विषयमा काठमाडौंमा जेठ १७ गते एक कार्यशाला सम्पन्न भयो । नेपालको संविधानले भूमिहीन दलितलाई एकपटक जग्गा उपलब्ध गराउने व्यवस्था गरेपनि यसमा खासै धेरै प्रगति नभएको यथार्थलाई मध्येनजगर गर्दै सो परामर्श गोष्ठीको आयोजना गरिएको हो । कार्यक्रममा बोल्दै दलित अधिकारकर्मी गणेश बि.कं. ले ठूलो संघर्ष र बलिदानको प्रतिफल स्वरुप संविधानमा भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने व्यवथा गरेकाले अब यसको कार्यान्वयनमा सबै मिलेर लाग्नुपर्ने बताउनुभयो । यसैगरी अधिवक्ता श्याम बि.क.ले दलितलाई आवासका लागि पहिले जस्तो दलितलाई खोला किनारका जोखिमयुक्त जमिन दिन नहुने बताउँदै भूमिहीन दलितको लगत संकलन गर्नका लागि गाउँ तथा नगरपालिकास्तरिय भुमिहिन पहिचान समिति गठन गर्न सकिने कानुनी व्यवस्था रहेको पनि उल्लेख गर्नुभयो । कार्यक्रममा प्रतिनिधी सभा सदस्य माननीय निरुदेवी जैरु, माननीय लक्ष्मी परियार, भूमि तथा दलित अधिकारकर्मी लगायतले संविधानले प्रत्याभूत गरेको अधिकारलाई व्यवहारिकरुपमा कार्यान्वयन गर्न कानुन निर्माण जरुरी रहेको तर यसको लागि कानुन निर्माणमा ढिलाई भइरहेकोमा असन्तुष्टि व्यक्त गर्नुभएको थियो ।



**अनुसची: केस स्टडी:**

**संयुक्त पुर्जाले जिउने आधार दियो**

बर्दिया बढैया ताल गाउँपालिका वडा न. ८ मुनालबस्ति बस्ने बर्ष ७३ को खिलनाथ न्यौपाने र ६७ बर्षीय केटकुमारी न्यौपाने पहाड घर रसुवा जिल्लाबाट जग्गा जमिन नभएकै कारण वि.सं. २०३९ सालमा बर्दियाको डेउढाकला गाविसमा ऐलानी जग्गा १० कट्ठा जग्गा भोगचलन गरी बसेका थिए। २०६८ सालमा बढैया ताल गाउँपालिका वडानं. ८ मुनालबस्तिमा छोराले कमाएको पैसाले ७ कट्ठा जग्गा जेठी बुहारी सर्मिला न्यौपानेको नाममा किनेका थिए। समय बित्दै गएपछि घरमा छोरा तथा बुहारीबाट सासु ससुरालाई हेला गर्ने, खाना खान नदिने, मानसिक तनाव दिने लगायतका काम हुनथाल्यो। सधैंको हेला र बचन सुन्नु परेपछि अति भएर घरमा कसैलाई जानकारी नै नदिएर २०७४ फागुन १८ गते श्रीमान श्रीमती नै घर डी हिँडे । गाउँघरका सबैले नदीनाला, वन जंगल सबैतिर खोजे कतै पत्ता लागेन। घरमा सपरिवार चिन्तित भए। ३ महिना पछि गाउँका एक जना मान्छे नारायणगढ जाँदा खिलनाथलाई पुलचोकमा देखेछन् । उनीहरुले घरमा आएर खिलनाथ नारायणगढमा देखेको कुरा घरपरिवारलाई भनेपछि छोरा खोज्न गए र घर लिएर आए।



उनीहरु घर फर्केपछि समुदायमा उनीहरु घर छोडेर हिड्नुको कारणबारे छलफल भयो। उनीहरुले आफु छोराबुहारीबाट हेलित भएको कुरा सुनाए। त्यसपछि समाजले उनका छोराबुहारीलाई खिलनाथको नाममा दुई कट्ठा जग्गा दिन आग्रह गरे। बुहारीले दुई कट्ठा जग्गा आफ्ना ससुराको नाममा गरिदिइन्। तर सासुलाई हेला गर्ने क्रम रोकिएन।

भूमि अधिकार मञ्च, बर्दियाले संयुक्त पूर्जा अभियान अगाढि बढाउने क्रममा कार्यकर्ताहरु समुदाय पुगेका थिए। मञ्चका कार्यकर्ता पबित्रा अर्यालसंग खिलानाथको भेट भयो। कार्यकर्ता अर्यालले उनकी श्रीमती केटकुमारीसँग पनि भेटेर कुरा गरिन्। केटकुमारीले आफ्नो नाममा सम्पत्ति नहुँदा हेलामा परेको कुरा सुनाईन्। यसको उत्तम उपाय भनेको खिलनाथ न्यौपानेको नाममा भएको जग्गामा संयुक्त जग्गाधनी पूर्जा बनाउने निर्णय भयो। मञ्चको सहजीकरणमा खिलानाथ र कट कुमारीले संयुक्त पूर्जा बन्यो।

खिलानाथले भने, "हामी श्रीमान् श्रीमतीले संयुक्त लालपुर्जा पनि बनायौं। मेरो नागरिकता च्यातिएकोले उमेर पुग्दा पनि बृद्ध भत्ता पाउन सकिरहेको थिइन। नागरिकता चितवनबाट बनेकोले प्रतिलिपी बनाउने आँट पनि थिएन। भूमि अधिकार मञ्चका सदस्यहरुको सहयोगमा नागरिकताको प्रतिलिपि पनि बनाएँ। साँच्चै भूमि अधिकार मञ्चको गरीव र अशक्तहरुको सहयोगी रहेछ। कति राम्रो नीति र उद्देश्य ? सहयोगी हुँनुहुँदोरहेछ।" खिलानाथका अनुसार संयुक्त लालपुर्जा बनेपछि उनीहरु आफ्नै जग्गामा घर बनाई अलग्गै बसेका छन्। केट कुमारीका अनुसार 'आजभोलि छोरा बुहारीले पनि हेला गर्नसकेका छैनन्'।